# नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम -२०८३

प्रतिवेदन प्रस्तुतकर्ता: सफलता एजेन्सी प्रा.ली धनगढी,कैलाली

प्रस्तूत गरिएको निकाय: दोधारा चादँनी नगरपालिकाको कार्यालय,

दोधारा चादँनी ,कञ्चनपुर ,सुदूरपश्चिम प्रदेश,नेपाल

## भाग—१ : भूमिका, उद्देश्य, सहभागिता तथा प्रारम्भिक छलफल



### १. भूमिका

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही भएर सेवा प्रवाह गर्नु यसको प्रमुख दायित्व हो। यही उद्देश्यलाई आत्मसात् गर्दै दोधारा चाँदनी नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार वडा स्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरेको हो। सार्वजनिक सुनुवाइले नागरिक र स्थानीय सरकारबीच प्रत्यक्ष संवाद स्थापित गर्दै विकास निर्माण, सेवा प्रवाह तथा सुशासनका विषयमा खुला छलफल गर्ने प्रभावकारी माध्यमका रूपमा काम गरेको छ।

कार्यक्रममा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, विभिन्न शाखाका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज, महिला समूह, युवा क्लब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि तथा स्थानीय बासिन्दाको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले आफ्ना अनुभव, गुनासा, सुझाव र अपेक्षा खुलेर राखेका थिए भने जनप्रतिनिधि तथा कर्मचारीहरूले त्यसको तथ्यगत जवाफ दिँदै आवश्यक सुधारका लागि प्रतिबद्धता व्यक्त गरेका थिए।

## २. कार्यक्रमको उद्देश्य

सार्वजनिक सुनुवाइको मुख्य उद्देश्य नगरपालिकाले प्रवाह गरिरहेका सेवाको गुणस्तर, विकास निर्माणको अवस्था, आर्थिक तथा प्रशासनिक पारदर्शिता र नागरिक सन्तुष्टिको अवस्था मूल्याङ्कन गर्नु थियो। साथै नागरिकबाट प्राप्त गुनासा, सुझाव र प्रतिक्रियालाई आगामी योजना तथा बजेट निर्माण प्रक्रियामा समावेश गरी स्थानीय शासनलाई अझ प्रभावकारी बनाउने उद्देश्य पनि रहेको थियो।

कार्यक्रमले स्थानीय सरकार र नागरिकबीच विश्वासको सम्बन्ध अझ बलियो बनाउने, सेवा प्रवाहमा देखिएका समस्या पहिचान गर्ने, विकास आयोजनाको गुणस्तर सुधार गर्ने तथा सुशासन प्रवर्द्धन गर्ने साझा मञ्चको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखियो।

## ३. कार्यक्रमको सञ्चालन

कार्यक्रमको सञ्चालन सहजकर्ताले सार्वजनिक सुनुवाइको उद्देश्य, प्रक्रिया तथा सहभागीहरूले पालना गर्नुपर्ने आचारसंहिताबारे जानकारी गराउँदै गरेका थिए। त्यसपछि सम्बन्धित वडा अध्यक्षले स्वागत मन्तव्य राख्दै वडाले आर्थिक वर्षभरि सम्पन्न गरेका विकास निर्माण, सामाजिक विकास, पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, वातावरण तथा प्रशासनिक क्षेत्रका गतिविधिको संक्षिप्त विवरण प्रस्तुत गरेका थिए।



त्यसपश्चात् नगरपालिकाका विभिन्न शाखाका प्रमुखहरूले आ—आफ्नो शाखाबाट प्रदान गरिएका सेवा, सम्पन्न भएका कार्यक्रम, बजेट कार्यान्वयनको अवस्था तथा आगामी योजनाबारे जानकारी दिएका थिए। प्रस्तुतिपछि सहभागीहरूलाई खुला रूपमा प्रश्न, गुनासा तथा सुझाव राख्न अवसर प्रदान गरिएको थियो।

## ४. सहभागीहरूले उठाएका प्रारम्भिक विषयहरू

खुला छलफलको क्रममा अधिकांश सहभागीहरूले नगरपालिकाको सेवा प्रवाह अझ छिटो, सरल र नागरिकमैत्री बनाउनुपर्ने आवश्यकता औंल्याए। सेवा लिन आउँदा अनावश्यक ढिलाइ हुने, केही प्रक्रियामा अझै पनि जटिलता रहेको तथा नागरिकले सहज रूपमा सेवा प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने सुझाव राखिएको थियो।

विकास निर्माणतर्फ सडक, नाली, खानेपानी, पुल, तटबन्ध तथा अन्य पूर्वाधारका काम समयमै सम्पन्न हुनुपर्ने विषय प्रमुख रूपमा उठाइएको थियो। कतिपय योजनाहरू ढिलो सम्पन्न हुँदा स्थानीय नागरिकले सास्ती खेप्नुपरेको, वर्षायाममा आवतजावतमा कठिनाइ भएको तथा निर्माण कार्यको गुणस्तरमा समेत नियमित अनुगमन आवश्यक रहेको धारणा व्यक्त गरिएको थियो।



विशेष गरी नदी कटानको जोखिम रहेका बस्तीका स्थानीयले तटबन्ध निर्माणलाई उच्च प्राथमिकतामा राख्न आग्रह गरेका थिए। वर्षेनी आउने बाढीका कारण खेतीयोग्य जमिन, सडक तथा बस्ती जोखिममा

पर्ने भएकाले दीर्घकालीन तटबन्ध निर्माणका लागि नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय गरी प्रभावकारी पहल गर्नुपर्ने सुझाव सहभागीहरूले दिएका थिए।

सहभागीहरूले विकास निर्माणका अधिकांश काम आर्थिक वर्षको अन्त्यतिर मात्रै हुने प्रवृत्ति अन्त्य हुनुपर्नेमा जोड दिएका थिए। योजनाहरू समयमै सम्झौता गरी गुणस्तरीय रूपमा सम्पन्न गरिए बजेटको प्रभावकारिता बढ्ने, जनताले समयमै सेवा पाउने र असारे विकासको प्रवृत्ति स्वतः घट्ने धारणा व्यक्त गरिएको थियो।



## ५. सुशासन र जनउत्तरदायित्वप्रति नागरिकको अपेक्षा

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले स्थानीय सरकारप्रति नागरिकको विश्वास अझ बलियो बनाउन पारदर्शिता, उत्तरदायित्व र नियमित सार्वजनिक जानकारी आवश्यक रहेको बताएका थिए। विकास योजनाको छनोटदेखि कार्यान्वयन र भुक्तानीसम्मका प्रक्रिया खुला र पारदर्शी हुनुपर्ने, योजनाको प्रगति नियमित रूपमा सार्वजनिक गरिनुपर्ने तथा नागरिकको निगरानीलाई प्रोत्साहन गर्नुपर्ने सुझाव प्राप्त भएको थियो।

सहभागीहरूले जनप्रतिनिधिहरू जनताको घरदैलोमा पुगेर वास्तविक समस्या बुझ्नुपर्ने, विकास योजनाको नियमित अनुगमन गर्नुपर्ने तथा नागरिकसँग प्रत्यक्ष संवादलाई निरन्तरता दिनुपर्ने आवश्यकता पनि

औँल्याएका थिए। यसले स्थानीय सरकारप्रति जनविश्वास बढ्नुका साथै विकास कार्य थप प्रभावकारी हुने विश्वास सहभागीहरूले व्यक्त गरेका थिए।

कार्यक्रमको पहिलो चरणमै सहभागीहरूले नगरपालिकाले विगतका वर्षको तुलनामा सेवा प्रवाहमा केही सुधार गरे पनि अझै धेरै क्षेत्रमा सुधारको पर्याप्त सम्भावना रहेको बताएका थिए। नागरिकका सुझावलाई आगामी नीति, योजना तथा बजेटमा समेटेर कार्यान्वयन गरिए नगरपालिकाको समग्र विकासले थप गति लिने विश्वास व्यक्त गरिएको थियो।



भाग—२ : सेवाप्रवाह, पूर्वाधार विकास, तटबन्ध, सडक तथा नागरिकका गुनासा—सुझाव

सार्वजनिक सुनुवाइ कार्यक्रमको दोस्रो चरणमा सहभागी नागरिकहरूले नगरपालिकाको सेवा प्रवाह, पूर्वाधार विकास, योजना कार्यान्वयन, तटबन्ध निर्माण, सडक स्तरोन्नति तथा समग्र विकास प्रक्रियाका विषयमा विस्तृत रूपमा आफ्ना धारणा, गुनासा तथा सुझाव प्रस्तुत गरेका थिए। सहभागीहरूले नगरपालिकाले विगतका वर्षहरूमा विकास निर्माणका क्षेत्रमा उल्लेखनीय कार्य गरे पनि सेवा प्रवाहको गुणस्तर, योजना कार्यान्वयनको समयसीमा तथा विकास निर्माणको प्रभावकारितामा अझ सुधार आवश्यक रहेको बताएका थिए।

छलफलका क्रममा अधिकांश सहभागीहरूले नगरपालिकाबाट प्रदान गरिने प्रशासनिक सेवाहरू अझ छिटो, सहज, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्ने आवश्यकता औँल्याए। सेवा लिन वडा कार्यालय तथा नगरपालिकामा आउने सेवाग्राहीले अनावश्यक रूपमा धेरै पटक धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्ने, फाइल प्रक्रिया समयमै सम्पन्न हुनुपर्ने तथा सम्बन्धित शाखाहरूले नागरिकको कामलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने सुझाव राखिएको थियो।



विशेषगरी सामाजिक सुरक्षा भत्ता, घटना दर्ता, सिफारिस, योजना भुक्तानी, करसम्बन्धी सेवा तथा अन्य प्रशासनिक कार्यमा अझ प्रभावकारी समन्वय आवश्यक रहेको सहभागीहरूको धारणा थियो। सूचना

प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई सरल, छरितो र पारदर्शी बनाउनुपर्नेमा पनि सहभागीहरूले जोड दिएका थिए।

पूर्वाधार विकासतर्फ सहभागीहरूले सडक निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकतामा राख्नुपर्ने बताएका थिए। नगरका धेरै ग्रामीण सडक वर्षायाममा हिलाम्मे हुने तथा आवतजावतमा कठिनाइ हुने अवस्था अझै रहेको उल्लेख गर्दै दीर्घकालीन गुणस्तरीय सडक निर्माणमा विशेष ध्यान दिनुपर्ने सुझाव दिएका थिए। निर्माण सम्पन्न भएका सडकहरूको नियमित मर्मत–सम्भार गर्नुपर्ने र नयाँ योजनाको छनोट गर्दा वास्तविक आवश्यकता तथा जनचाहनालाई आधार बनाउनुपर्ने धारणा पनि व्यक्त गरिएको थियो।

कार्यक्रममा नदी कटान र बाढीको समस्या सबैभन्दा गम्भीर विषयका रूपमा उठाइएको थियो। विशेषगरी सीमावर्ती तथा नदी किनारका बस्तीहरूमा वर्षेनी आउने बाढीका कारण खेतीयोग्य जमिन, सडक, सार्वजनिक संरचना तथा बस्ती नै जोखिममा पर्ने अवस्था रहेको सहभागीहरूले जानकारी गराए। त्यसैले तटबन्ध निर्माणलाई दीर्घकालीन योजनाका रूपमा अघि बढाउनुपर्ने, आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने तथा सङ्घीय र प्रदेश सरकारसँग प्रभावकारी समन्वय गरी स्थायी समाधान खोज्नुपर्ने माग सहभागीहरूले गरेका थिए।




सहभागीहरूले कतिपय तटबन्ध निर्माणका योजना सुरु भए पनि समयमै सम्पन्न हुन नसकेको, कतिपय स्थानमा निर्माणको गुणस्तरमा समेत प्रश्न उठेको भन्दै नियमित प्राविधिक अनुगमन गर्नुपर्ने सुझाव

दिएका थिए। नदी नियन्त्रण, कटान रोकथाम तथा बाढी व्यवस्थापनका लागि वैज्ञानिक अध्ययनका आधारमा योजना निर्माण गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो।

विकास निर्माणका योजनाहरू आर्थिक वर्षको अन्तिम समयमा मात्र सञ्चालन हुने प्रवृत्तिप्रति पनि सहभागीहरूले असन्तुष्टि व्यक्त गरेका थिए। असार महिनामा हतारहतार काम सम्पन्न गर्दा गुणस्तरमा कमी आउने, नागरिकले अपेक्षित लाभ नपाउने तथा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग हुन नसक्ने भएकाले योजना समयमै सम्झौता गरी निर्धारित समयसीमाभित्र सम्पन्न गर्नुपर्नेमा जोड दिइएको थियो।

सहभागीहरूले विकास निर्माणको प्रत्येक चरणमा स्थानीय नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्ने, उपभोक्ता समितिलाई थप जिम्मेवार बनाउनुपर्ने तथा निर्माण सम्पन्न भएका योजनाको नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्ने सुझाव दिएका थिए। यसले निर्माणको गुणस्तर बढ्नुका साथै सार्वजनिक लगानीको प्रभावकारिता पनि वृद्धि हुने विश्वास व्यक्त गरिएको थियो।

कार्यक्रममा जनप्रतिनिधिहरूको भूमिकाका विषयमा पनि छलफल भएको थियो। स्थानीय नागरिकहरूले वडा अध्यक्ष तथा जनप्रतिनिधिहरू नियमित रूपमा टोल—बस्तीमा पुगेर जनताका समस्या बुझ्नुपर्ने, विकास आयोजनाको प्रत्यक्ष अनुगमन गर्नुपर्ने तथा नागरिकसँग निरन्तर संवाद कायम राख्नुपर्ने सुझाव दिएका थिए। जनप्रतिनिधि जनताको घरदैलोमै पुग्दा समस्या समयमै पहिचान भई समाधान प्रक्रियासमेत प्रभावकारी बन्ने धारणा सहभागीहरूले राखेका थिए।



यसैक्रममा नगर प्रमुख तथा सम्बन्धित जनप्रतिनिधिहरूले उठेका सबै सुझाव र गुनासोलाई सकारात्मक रूपमा ग्रहण गरिएको बताएका थिए। नगरपालिकाको सीमित स्रोत र साधनका बाबजुद नागरिकको आवश्यकता तथा प्राथमिकतालाई केन्द्रमा राखेर विकास निर्माणका कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्दै आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाइने प्रतिबद्धता व्यक्त गरिएको थियो।

उहाँहरूले असारे विकासको प्रवृत्ति न्यूनीकरण गर्दै योजनाहरू समयमै सम्झौता गर्ने, गुणस्तरीय रूपमा कार्यान्वयन गर्ने, नियमित अनुगमन गर्ने तथा विकास निर्माणमा कुनै प्रकारको लापरबाही हुन नदिने स्पष्ट प्रतिबद्धता जनाउनुभयो। साथै सार्वजनिक सुनुवाइमा उठेका सबै सुझावलाई आगामी नीति, योजना तथा बजेट निर्माण प्रक्रियामा समावेश गर्ने विश्वाससमेत दिलाउनुभयो।

कार्यक्रमको यस चरणले नागरिक र स्थानीय सरकारबीच खुला संवादको वातावरण सिर्जना गरेको, विकास निर्माणका वास्तविक समस्या पहिचान गर्न सहयोग पुगेको तथा नगरपालिकालाई अझ उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने दिशामा महत्वपूर्ण आधार तयार भएको निष्कर्ष सहभागीहरूले व्यक्त गरेका थिए।

## भाग—३ : शिक्षा, स्वास्थ्य, कृषि, जङ्गली जनावर, सामाजिक विकास तथा नागरिकका सुझाव

सार्वजनिक सुनुवाइ कार्यक्रमको यस चरणमा सहभागीहरूले शिक्षा, स्वास्थ्य, कृषि, युवा, महिला, वातावरण संरक्षण, जङ्गली जनावरको समस्या तथा दीर्घकालीन विकासका विषयमा महत्वपूर्ण सुझाव तथा गुनासाहरू प्रस्तुत गरेका थिए। सहभागीहरूले नगरपालिकाले सामाजिक विकासका क्षेत्रमा सकारात्मक प्रयास गरिरहेको स्वीकार गरे पनि नागरिकको आवश्यकता अनुसार अझ प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए।

### शिक्षा क्षेत्र

शिक्षाको विषयमा बोल्ने अधिकांश सहभागीहरूले दोधारा चाँदनी नगरपालिकाभित्र उच्च शिक्षाको प्रमुख शैक्षिक संस्थाका रूपमा रहेको भानु बहुमुखी क्याम्पसमा हाल सञ्चालन भइरहेका शैक्षिक कार्यक्रम पर्याप्त नभएको धारणा राखेका थिए। विद्यार्थीहरू उच्च शिक्षा अध्ययनका लागि धनगढी, महेन्द्रनगर, नेपालगञ्ज तथा अन्य शहरमा जान बाध्य भइरहेको उल्लेख गर्दै स्थानीय स्तरमै गुणस्तरीय उच्च शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यक रहेको बताएका थिए।

सहभागीहरूले विश्वविद्यालयसँग आवश्यक समन्वय गरी स्नातक तथा स्नातकोत्तर तहमा विज्ञान, व्यवस्थापन, शिक्षा, सूचना प्रविधि, कृषि तथा रोजगारमुखी अन्य विषयहरू सञ्चालन गर्न पहल गर्नुपर्ने सुझाव दिएका थिए। यसले विद्यार्थी तथा अभिभावकको आर्थिक भार कम हुनुका साथै स्थानीय स्तरमै दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको थियो।

विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, नियमित शिक्षक व्यवस्थापन, सूचना प्रविधिमैत्री शिक्षण प्रणाली, प्रयोगशाला, पुस्तकालय तथा खेलकुद पूर्वाधारमा थप लगानी गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको थियो। सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन नगरपालिकाले विशेष कार्यक्रम ल्याउनुपर्ने सुझावसमेत प्राप्त भएको थियो।



## स्वास्थ्य क्षेत्र

स्वास्थ्य सेवा सम्बन्धमा सहभागीहरूले नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, विशेषज्ञ सेवा तथा औषधिको नियमित उपलब्धता सुनिश्चित गर्नुपर्ने माग गरेका थिए। सामान्य उपचारका लागि समेत बिरामीहरू बाहिर जानुपर्ने अवस्था अन्त्य गर्न स्वास्थ्य सेवाको पहुँच र गुणस्तर दुवै सुधार गर्नुपर्नेमा जोड दिइएको थियो।

स्वास्थ्य संस्थामा चिकित्सक, स्टाफ नर्स, ल्याब सेवा, आवश्यक उपकरण तथा अत्यावश्यक औषधिको अभाव हुन नदिन नगरपालिकाले विशेष पहल गर्नुपर्ने सुझाव सहभागीहरूले दिएका थिए। साथै गर्भवती महिला, ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिलाई लक्षित स्वास्थ्य कार्यक्रम अझ प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गरिएको थियो।

स्वास्थ्य सचेतना, सरसफाइ, पोषण, मानसिक स्वास्थ्य तथा नसर्ने रोग नियन्त्रणका विषयमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव पनि कार्यक्रममा प्राप्त भएको थियो।

## कृषि, पशुपालन तथा जीविकोपार्जन

नगरपालिकाको प्रमुख आयआर्जनको आधार कृषि भएकाले किसानलाई उत्पादनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने, सिँचाइ सुविधा विस्तार गर्नुपर्ने तथा आधुनिक कृषि प्रविधिको प्रयोग बढाउनुपर्ने माग सहभागीहरूले गरेका थिए।

उन्नत बीउबिजन, मल, कृषि उपकरण, प्राविधिक परामर्श तथा कृषि बजार व्यवस्थापनमा नगरपालिकाले थप सहयोग गर्नुपर्ने आवश्यकता औँल्याइएको थियो। कृषकलाई उत्पादनसँगै बजारीकरणमा जोड्न सके आर्थिक समृद्धि हासिल गर्न सहज हुने धारणा सहभागीहरूले व्यक्त गरेका थिए।

### जङ्गली जनावरको समस्या

कार्यक्रममा सबैभन्दा बढी उठेका विषयमध्ये जङ्गली जनावरको समस्या पनि एक थियो। नगरपालिकाका विभिन्न बस्तीमा हात्ती, बँदेल, नीलगाई तथा अन्य जङ्गली जनावरका कारण खेतीपाती नष्ट हुने, मानव बस्ती जोखिममा पर्ने तथा स्थानीय नागरिक त्रसित भएर बस्नुपर्ने अवस्था रहेको सहभागीहरूले बताएका थिए।

उक्त समस्या समाधानका लागि तत्कालीन राहतका कार्यक्रम मात्र नभई दीर्घकालीन योजना आवश्यक रहेको उनीहरूको भनाइ थियो। वन कार्यालय, संरक्षण निकाय तथा सम्बन्धित सरकारी निकायसँग समन्वय गरी स्थायी समाधान खोज्नुपर्ने, आवश्यक स्थानमा तारबार, चेतावनी प्रणाली तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव प्राप्त भएको थियो।

### सामाजिक विकास तथा वातावरण

महिला, दलित, जनजाति, विपन्न समुदाय, ज्येष्ठ नागरिक, युवा तथा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता सहभागीहरूले औँल्याएका थिए। युवालाई सीपमूलक तालिम, स्वरोजगार, उद्यमशीलता तथा खेलकुदसँग जोड्ने कार्यक्रम विस्तार गर्नुपर्ने सुझाव पनि कार्यक्रममा प्राप्त भएको थियो।




वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, वृक्षारोपण, प्लास्टिक न्यूनीकरण तथा सरसफाइ अभियानलाई निरन्तरता दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए। नगरको दीर्घकालीन सौन्दर्य र वातावरणीय सन्तुलन कायम राख्न वातावरणमैत्री विकासलाई प्राथमिकता दिनुपर्ने सुझावसमेत प्राप्त भएको थियो।

## दीर्घकालीन विकास सम्बन्धी सुझाव

सहभागीहरूले नगरपालिकाले वार्षिक योजनाभन्दा पनि दीर्घकालीन गुरुयोजना बनाएर विकास कार्य सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। सडक, तटबन्ध, शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, कृषि तथा विपद् व्यवस्थापनलाई दीर्घकालीन विकास योजनासँग जोडेर अघि बढाउनुपर्ने धारणा राखिएको थियो।

## जनप्रतिनिधि तथा प्रशासनको प्रतिक्रिया

सहभागीहरूबाट प्राप्त सुझाव र गुनासापछि जनप्रतिनिधिहरूले नागरिकले उठाएका विषय अत्यन्त सान्दर्भिक रहेको स्वीकार गर्दै अधिकांश समस्या समाधानका लागि नगरपालिकाले निरन्तर पहल गरिरहेको बताएका थिए। सीमित स्रोत र साधनका बाबजुद नागरिकको आवश्यकतालाई प्राथमिकतामा राखेर विकासका कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्दै आगामी दिनमा शिक्षा, स्वास्थ्य, कृषि तथा सामाजिक विकासका क्षेत्रमा थप प्रभावकारी कार्यक्रम ल्याइने प्रतिबद्धता व्यक्त गरिएको थियो।

प्रमुख प्रशासकीय अधिकृतले पनि प्रशासनिक कार्यप्रणालीलाई अझ चुस्त, छरितो, पारदर्शी र नागरिकमैत्री बनाइने बताउनुभयो। सबै शाखा प्रमुख तथा कर्मचारीलाई समयमै सेवा प्रवाह गर्न, नागरिकका गुनासा तत्काल सम्बोधन गर्न तथा सार्वजनिक सुनुवाइबाट प्राप्त सुझावलाई कार्यान्वयनमा लैजान आवश्यक निर्देशन दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यस चरणको छलफलले सामाजिक क्षेत्रका समस्या र सम्भावनालाई स्पष्ट रूपमा उजागर गर्नुका साथै स्थानीय सरकार र नागरिकबीच सहकार्य, विश्वास र उत्तरदायित्वलाई अझ मजबुत बनाउने आधार तयार गरेको निष्कर्ष सहभागीहरूले व्यक्त गरेका थिए।

**भाग—४ : जनप्रतिनिधिको प्रतिबद्धता, प्रमुख प्रशासकीय अधिकृतको धारणा, निष्कर्ष तथा आगामी कार्ययोजना**

सार्वजनिक सुनुवाइ कार्यक्रमको अन्तिम चरणमा सहभागीहरूले उठाएका प्रश्न, गुनासा तथा सुझावको सम्बन्धमा नगर प्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न शाखाका प्रमुखहरूले आ—आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा स्पष्ट धारणा व्यक्त गर्नुभएको थियो। सहभागीहरूले राखेका अधिकांश प्रश्नहरू नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, तटबन्ध, वातावरण संरक्षण, जङ्गली जनावरको समस्या तथा दीर्घकालीन विकास योजनासँग सम्बन्धित रहेका थिए।

जनप्रतिनिधिहरूले स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकका अपेक्षालाई पूरा गर्ने दिशामा आफूहरू निरन्तर क्रियाशील रहेको बताउनुभयो। सीमित स्रोत, साधन तथा बजेटका बाबजुद विकास निर्माणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको उल्लेख गर्दै आगामी दिनमा नागरिकको आवश्यकता र सुझावलाई अझ बढी प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँहरूले नगरपालिकाले सडक, पुल, तटबन्ध, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सामाजिक विकास तथा विपद् व्यवस्थापनका क्षेत्रमा क्रमिक रूपमा उल्लेखनीय काम गरिरहेको जानकारी दिनुभयो। केही योजनाहरू स्रोतको अभाव, प्राविधिक जटिलता तथा अन्य कारणले समयमै सम्पन्न हुन नसके पनि आगामी दिनमा यस्ता कमजोरी दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विशेषगरी तटबन्ध निर्माण, नदी कटान नियन्त्रण तथा बाढी व्यवस्थापनका विषयमा नगरपालिकाले प्रदेश सरकार, सङ्घीय सरकार तथा सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिरहेको जानकारी गराउँदै दीर्घकालीन समाधानका लागि आवश्यक पहललाई अझ प्रभावकारी बनाइने बताउनुभयो। नदी किनारका बस्तीको सुरक्षा नगरपालिकाको प्रमुख प्राथमिकतामध्ये एक रहेको धारणा पनि व्यक्त गर्नुभयो।

शिक्षा क्षेत्रका विषयमा जनप्रतिनिधिहरूले भानु बहुमुखी क्याम्पसमा थप शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विश्वविद्यालयसँग समन्वय र आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। स्थानीय विद्यार्थीलाई आफ्नै नगरभित्र गुणस्तरीय उच्च शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न नगरपालिकाले आफ्नो तर्फबाट आवश्यक सहयोग र सहजीकरण गर्ने बताउनुभयो।

स्वास्थ्य सेवाको विषयमा स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापनलाई प्राथमिकतामा राखिने जानकारी दिँदै नागरिकले आधारभूत स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गर्ने वातावरण निर्माण गर्न निरन्तर प्रयास गरिने बताउनुभयो। स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि सम्बन्धित निकायसँग सहकार्य विस्तार गरिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

जङ्गली जनावरका कारण किसानले भोग्दै आएको समस्याप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै वन कार्यालय, संरक्षण निकाय तथा अन्य सम्बन्धित संस्थासँग सहकार्य गरी दीर्घकालीन समाधान खोजिने जानकारी गराइयो। प्रभावित क्षेत्रका नागरिकको सुरक्षा, कृषि उत्पादनको संरक्षण तथा सम्भावित क्षति न्यूनीकरणका लागि आवश्यक योजना तयार गरिने प्रतिबद्धता व्यक्त गरियो।

## नगर उपप्रमुखको धारणा

सार्वजनिक सुनुवाइ कार्यक्रममा नगर उपप्रमुखले सहभागीहरूले उठाएका जिज्ञासा, गुनासा तथा सुझावप्रति धन्यवाद व्यक्त गर्दै सार्वजनिक सुनुवाइ स्थानीय सरकारलाई अझ जिम्मेवार, पारदर्शी र नागरिकमैत्री बनाउने महत्वपूर्ण माध्यम भएको बताउनुभयो। उहाँले नागरिकबाट प्राप्त सुझावहरूलाई नगरपालिकाले सकारात्मक रूपमा ग्रहण गर्दै आगामी योजना तथा कार्यक्रमहरूमा समावेश गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।




उहाँले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका उपप्रमुखलाई प्रदान गरेको न्यायिक अधिकारको प्रयोग गर्दै नगरपालिकाको न्यायिक समितिले निष्पक्ष, पारदर्शी र कानुनसम्मत रूपमा कार्य सम्पादन गरिरहेको जानकारी दिनुभयो। न्यायिक समितिमा दर्ता भएका उजुरी तथा विवादहरूलाई कानुनी प्रक्रिया अवलम्बन गर्दै दुवै पक्षको कुरा निष्पक्ष रूपमा सुनेर मेलमिलाप र न्यायको सिद्धान्तअनुसार समाधान गर्ने अभ्यासलाई प्राथमिकता दिइएको उहाँले बताउनुभयो।

नगर उपप्रमुखका अनुसार न्यायिक समितिको प्रमुख उद्देश्य केवल विवादको टुङ्गो लगाउनु मात्र नभई समुदायमा मेलमिलाप, सद्भाव र सामाजिक एकता कायम गर्नु पनि हो। त्यसैले सकेसम्म स्थानीय स्तरमै विवाद समाधान गरी अदालतसम्म पुग्नुपर्ने अवस्था कम गर्ने प्रयास भइरहेको उहाँले स्पष्ट पार्नुभयो। वडाबाट सिफारिस भई आएका विवाद तथा उजुरीहरूलाई पनि कानुनी आधार, प्रमाण तथा दुवै पक्षको भनाइलाई समान महत्व दिई निष्पक्ष रूपमा न्याय सम्पादन गरिँदै आएको उहाँको भनाइ थियो।

उहाँले न्याय सम्पादनका क्रममा कुनै पनि व्यक्ति, समूह, राजनीतिक आस्था वा सामाजिक अवस्थाका आधारमा विभेद नगरिएको उल्लेख गर्दै सबै नागरिक कानुनको दृष्टिमा समान रहेको धारणालाई व्यवहारमा उतारिएको बताउनुभयो। न्यायिक समितिबाट भएका निर्णयहरू कानुनी प्रक्रिया, प्रमाण र

न्यायका आधारभूत सिद्धान्तअनुसार हुने भएकाले नागरिकहरूमा न्यायप्रतिको विश्वास क्रमशः बढ्दै गएको उहाँले जानकारी दिनुभयो।

नगर उपप्रमुखले वडास्तरबाट आउने विवादहरूलाई सम्बन्धित वडा तथा मेलमिलापकर्तासँग आवश्यक समन्वय गरी छिटो र प्रभावकारी रूपमा समाधान गर्ने प्रयास भइरहेको बताउनुभयो। कतिपय विवाद स्थानीय स्तरमै सहमतिका आधारमा समाधान भएका छन् भने जटिल प्रकृतिका विषयहरूलाई कानुनी प्रक्रिया पूरा गरी न्यायिक समितिबाट निष्पक्ष रूपमा निरूपण गरिएको उहाँले उल्लेख गर्नुभयो।

यसैगरी नगर उपप्रमुखले आफू संयोजक रहेको अनुगमन समितिको भूमिकाबारे पनि विस्तृत जानकारी दिनुभयो। नगरपालिकाबाट सञ्चालन भइरहेका विकास निर्माणका योजना, सेवा प्रवाह तथा सार्वजनिक कार्यक्रमहरूको नियमित रूपमा स्थलगत अनुगमन भइरहेको उहाँले बताउनुभयो। अनुगमनको उद्देश्य कसैलाई दुःख दिने, अनावश्यक दबाब सिर्जना गर्ने वा विकास निर्माणमा अवरोध पुऱ्याउने नभई सार्वजनिक स्रोत—साधनको सही उपयोग, गुणस्तरीय काम तथा समयमै योजना सम्पन्न गराउने रहेको उहाँले स्पष्ट पार्नुभयो।

उहाँका अनुसार अनुगमनका क्रममा उपभोक्ता समिति, निर्माण व्यवसायी, प्राविधिक कर्मचारी तथा सम्बन्धित सरोकारवालासँग आवश्यक समन्वय र छलफल गर्दै देखिएका कमी—कमजोरी समयमै सुधार गर्न निर्देशन दिइने गरिएको छ। निर्माणको गुणस्तरमा कुनै सम्झौता नगरिने तर कानुन र प्रक्रियाभित्र रहेर सबै पक्षलाई सहजीकरण गर्ने नीति नगरपालिकाले अवलम्बन गरेको उहाँले बताउनुभयो।




उहाँले अनुगमनलाई दण्डात्मकभन्दा पनि सुधारात्मक र सहजीकरणमुखी बनाइएको उल्लेख गर्दै विकास निर्माणका काम समयमै सम्पन्न होऊन्, गुणस्तरीय बनून् र नागरिकले प्रत्यक्ष लाभ पाऊन् भन्ने उद्देश्यले समितिले नियमित रूपमा आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको जानकारी दिनुभयो। निर्माण व्यवसायी, उपभोक्ता समिति तथा प्राविधिकहरूलाई आवश्यक सुझाव, परामर्श र निर्देशन दिँदै समस्याको समाधानतर्फ उन्मुख गराउने कार्यलाई प्राथमिकता दिइएको उहाँको भनाइ थियो।

नगर उपप्रमुखले सार्वजनिक सुनुवाइमा सहभागी नागरिकहरूले उठाएका गुनासा र सुझावहरूलाई आगामी दिनमा अझ गम्भीरतापूर्वक कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। न्यायिक समिति तथा अनुगमन समितिका कार्यलाई अझ प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउँदै नागरिकको विश्वासलाई थप मजबुत बनाइने उहाँले बताउनुभयो।

उहाँले नगरपालिकाको समग्र प्रशासन, न्यायिक प्रणाली तथा विकास निर्माणका गतिविधिलाई कानुनी प्रक्रिया, सुशासन, पारदर्शिता र जवाफदेहिताका आधारमा सञ्चालन गरिने स्पष्ट पार्दै नागरिकका रचनात्मक सुझावहरूलाई सधैं सम्मान गरिने विश्वास दिलाउनुभयो। सार्वजनिक सुनुवाइमा उठेका विषयहरूको नियमित समीक्षा गर्दै आवश्यक सुधारका कदम चालिने र सेवा प्रवाहलाई अझ सरल, छिटो, प्रभावकारी तथा नागरिकमैत्री बनाइने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रमको अन्त्यमा नगर उपप्रमुखले नागरिकको सक्रिय सहभागिता नै स्थानीय लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति भएको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सार्वजनिक सुनुवाइ, जनसंवाद तथा प्रत्यक्ष छलफलका कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो। स्थानीय सरकार र नागरिकबीचको विश्वास, सहकार्य र साझेदारीलाई अझ सुदृढ बनाउँदै सुशासन, विकास र समृद्धिको साझा लक्ष्य हासिल गर्न नगरपालिका दृढतापूर्वक अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले आफ्नो मन्तव्य समाप्त गर्नुभयो।

**नगर प्रमुखको धारणा**

यसैगरी नगर प्रमुखले सार्वजनिक सुनुवाइ केवल औपचारिक कार्यक्रम नभई जनताका वास्तविक समस्या बुझ्ने र समाधानको बाटो तय गर्ने महत्वपूर्ण माध्यम भएको बताउनुभयो। नागरिकबाट प्राप्त सुझावलाई आगामी नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा समावेश गरी कार्यान्वयन गरिने स्पष्ट प्रतिबद्धता व्यक्त गर्नुभयो। विकास निर्माणका सबै योजना गुणस्तरीय, पारदर्शी तथा समयमै सम्पन्न हुने वातावरण निर्माण गरिने उहाँको भनाइ थियो।




**प्रमुख प्रशासकीय अधिकृतले** प्रशासनिक क्षेत्रलाई अझ चुस्त, दुरुस्त, पारदर्शी, उत्तरदायी तथा सेवामुखी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। नगरपालिकाका सबै शाखा प्रमुख तथा कर्मचारीलाई सेवाग्राहीमैत्री व्यवहार अपनाउन, समयमै सेवा उपलब्ध गराउन, फाइल फछ्र्यौटमा अनावश्यक ढिलाइ नगर्न तथा नागरिकका गुनासोलाई तत्काल सम्बोधन गर्न आवश्यक निर्देशन दिइने जानकारी दिनुभयो।

उहाँले सार्वजनिक सुनुवाइमा उठेका सबै गुनासा, सुझाव तथा सल्लाहलाई अभिलेखीकरण गरी सम्बन्धित शाखामार्फत कार्यान्वयनको प्रक्रिया अघि बढाइने बताउनुभयो। साथै प्रत्येक शाखाले आफ्नो जिम्मेवारीलाई अझ प्रभावकारी ढङ्गले सम्पादन गर्दै पारदर्शिता, सुशासन र उत्तरदायित्वलाई संस्थागत गर्ने दिशामा काम गर्नुपर्नेमा जोड दिनुभयो।




कार्यक्रमका सहभागीहरूले जनप्रतिनिधि तथा प्रशासनले व्यक्त गरेका प्रतिबद्धताप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै ती प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुनुपर्ने अपेक्षा व्यक्त गरेका थिए। सार्वजनिक सुनुवाइमा उठेका विषयहरूको नियमित अनुगमन तथा समीक्षा गरी नागरिकलाई प्रगतिको जानकारी गराउनुपर्ने सुझाव पनि सहभागीहरूले दिएका थिए।

## निष्कर्ष

समग्रमा सार्वजनिक सुनुवाइ कार्यक्रमले स्थानीय सरकार र नागरिकबीचको सम्बन्धलाई थप विश्वासिलो, पारदर्शी र उत्तरदायी बनाउन महत्वपूर्ण भूमिका खेलेको देखियो। कार्यक्रममा सहभागी नागरिकहरूले विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, तटबन्ध, वातावरण तथा सामाजिक विकाससँग सम्बन्धित आफ्ना समस्या, गुनासा र सुझाव खुला रूपमा प्रस्तुत गरेका थिए भने जनप्रतिनिधि तथा कर्मचारीहरूले ती विषयमा स्पष्ट जवाफ दिँदै सुधारका लागि प्रतिबद्धता व्यक्त गरेका थिए।



कार्यक्रमबाट प्राप्त सुझावहरूले नगरपालिकाको आगामी योजना तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास व्यक्त गरिएको छ। नागरिक सहभागितालाई अझ प्रभावकारी बनाउँदै सुशासन, पारदर्शिता, जवाफदेहिता र गुणस्तरीय सेवा प्रवाहमार्फत समृद्ध दोधारा चाँदनी नगरपालिका निर्माण गर्ने साझा प्रतिबद्धतासहित सार्वजनिक सुनुवाइ कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको घोषणा गर्दै कार्यक्रम समापन गरिएको थियो।

**समाप्त ...**